# प्रेस विज्ञप्ति




२०७४ असोज ४गते बुधबार

## हिमालयन हाइड्रो एक्स्पो २०१८

स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल (IPPAN) र एक्स्पो एण्ड इभेन्ट म्यानेजमेन्ट सर्भिस प्रालिले संयुक्त रुपमा हिमालयन हाइड्रो एक्स्पो 2018 (Himalayn Hydro Exp 2018) भृक"टीमण्डप स्थित प्रदर्शनी हलमा आयोजना गर्ने भएका छन्। नेपाल सरकार, राष्ट्रिय योजना आयोगले यस हिमालयन हाइड्रो एक्स्पो २०१८ लाई संरक्षकत्व प्रदान गर्नुका साथै नेपाल विद्युत प्राधिकरण, नेपाल उद्योग बाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफकमर्स, नेपाल बैंकर्स एसोसिएसनस, Youth Community for Nepalese Contractors को सक्रिय सहयोग रहेको छ। साथै Nepal Tunnelling Association (NTA), **TUPIN,** नेपाल जर्मन चेम्बर अफकमर्स एन्ड इन्डस्ट्रिज, नेपाल-भारत उद्योग बाणिज्य संघको पनि सहयोग रहेको छ। यस एक्स्पोको व्यवस्थापन इभेन्ट सोलुसन प्रा. लि ल गदैछ।

आगामी पौष २१ गते देखि २३ गतेसम्म (5th to 7th January 2018) काठमाडौंको भृकुटीमण्डपस्थित प्रदर्शनीहलमा सञ्चालन हुने हिमालयन हाइड्रो एक्स्पो 2018 (Himalayn Hydro Exp 2018) मा ३ सयभन्दा बढी स्टल राखिने भएको छ। जलविद्युत प्रवर्धक, इक्युपमेन्टस सप्लायर, लगानीकर्ता, बैंक, जलविद्युतमा नयाँप्रविधि र निर्माणसँग सम्बन्धित स्टल राखिने भएको छ। ती स्टलमध्ये १ सय ५० भन्दा बढी विदेशी स्टल रहनेछन्।

जलविद्युतलगानीकर्ता, उत्पादक, इन्जिनियरलगायत यस क्षेत्रमा चासो दिने सबैका लागि यो एक्स्पो जानकारीको केन्द्र बन्ने विश्वास गरिएको छ। हालै नेपाल सरकारले घोषणा गरेको ७बर्षमा १७हजार मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्यलाई पनि यो एक्स्पोले साथ दिने विश्वास गरिएको छ।

साथै एक्स्पोमा इन्जिनियरिङ वेस भएका विद्यार्थिका वीचमा विभिन्न प्रतिस्पर्धा पनि गरिने छ। एक्स्पोमा हाइड्रोपावरका विषयमा विभिन्न जानकारी दिने स्टल पनि राखिने भएका छन्।

# Press Release




2074 Ashoj 4 Wednesday

## Himalayan Hydro Expo 2018

Independent Power Producers' Association Nepal (IPPAN) and Expo & Event Management Services Private Limited (EEMSPL) jointly announce Himalayan Hydro Expo 2018. The Expo will be held under the patronage of Nepal Government, National Planning Commission. It is also endorsed by Nepal Electricity Authority, Federation of Nepalese Chambers of Commerce and Industry, Confederation of Nepalese Industries, Nepal Bankers' Association, Youth Community for Nepalese Contractors and supported by Nepal Tunnelling Association (NTA), TUPIN, Nepal-German Chamber of Commerce and Industry, Nepal- India Chamber of Commerce and Industr,. This expo will be managed by Event Solution Pvt. Ltd.

The Himalayan Hydro Expo will be organized from 5th January 2018 to 7th January 2018 at Exhibition Hall, Bhrikutimandap, Kathmandu. The Expo will showcase over 300 stalls from hydropower developers, associated state-of-the-art technology equipment manufacturers and suppliers, investors, banks and construction companies. Amongst these stalls, over 150 stalls will be from international companies.

It is believed that this expo will prove to be a knowledge sharing platform for the interested parties like hydropower developers, manufacturers, and engineers. As it brings together parties from various aspects of hydro power development, it is expected to synergize hydropower development within the country and facilitate the government's target of producing 17,000 megawatt in 7 years.

The Expo will also host various competitions for engineering students. The expo will alsohave stalls disseminatinginformationrelated to hydropower.